जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक



जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि




बर्ष ११ • अंक २६ • २०८० मंसिर ३ गते आइतवार • 19 Nov. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-






## सम्पादकीय ...

### सूर्यदेवको उपासनाको महापर्व छठ्को शुभकामना

सूर्यको उपासना गरी मनाइने छठपर्व शुक्रबारदेखि विधिवत सुरु भएको छ । चार दिनसम्म नियम र निष्ठापूर्वक मनाइने छठको पहिलो दिन नहाय खाय हो। ब्रतालुले सो दिन स्नान गरी अरबा अरबाईन भोजन गर्ने गर्दछन् । पारिवार एवं सन्तानको सुख समृद्धिको कामना गर्दै श्रद्धापूर्वक मनाइने छठपर्वको दोस्रो दिन शनिबार ब्रतालुले प्रसादको रुपमा चामल, सक्खर र दूध मिसाएर बनाएको खीर खान्छन्। त्यसलाई खरना भन्दछन्। तेस्रो दिन आज आइतबार छठ पर्वको मुख्य दिन हो। यस दिन अस्ताउँदो सूर्यलाई अर्घदिई पूजा गरिन्छ । चौथा दिने (सोमबार) बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठपर्व विधिवत रुपमा समापन हुन्छ। छठ पर्वमा बाँसको ढाकी, डग्री, माटोको कोसिया कुरबार, हाती लगायतको सामग्रीहरु चढाइन्छ। त्यस्तै प्रसादको रुपमा ठकुवा, भुसुवा, केरा, खाजा, उखु, हल्दी, अदुवा एवं विविध प्रकारका मिठाई तथा फलफूल आदि सूर्यलाई अर्घ्यको रुपमा चढाउने गरिन्छ । अर्घ्य दिन ब्रतालु ४८ घन्टासम्म पानी पनि नखाई उपबास बस्ने गर्दछन्। छठ् पर्वमा सूर्यलाई अर्घ्य दिन तयार गरिने परिकारहरु अत्यन्तै नियम निष्ठापूर्वक गर्नुपर्ने भएकाले छठलाई निष्ठा र कठोर पर्वको रुपमा मानिन्छ। छठ पर्वका लागि तलाउ, पोखरी, नदी र खोला किनारहरु सफा गरेर सजाइएको छ। खासगरी जनकपुर को धार्मिक तथा ऐतिहासिंक पोखरी तलाउ गंगासागर, धनुसागर, अंगराजसर, दशरथ तलाउ लगायतको पोखरीहरुलाई सजाएर झकिझकाउ बनाइएको छ। अहिले गाउँघर, सहर बजार, गल्लीमा गुञ्जिरहेको छठपर्वका सुमधुर गीत र भजनले मिथिलाञ्चल लगायत तराई मधेश नै छठमय बनेको छ । छठ पर्वलाई समाजिक सद्भाव एवं एकताको पर्वको रुपमा पनि लिइन्छ। पहिले तराईका बासिन्दाले मात्र मनाउने छठ पर्व हिजोआज पहाडका बासिन्दाले समेत मनाउन थालेका छन् । यस सुखद अवसरमा सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*महान आस्था .........*

खाने गर्छन्। आज पञ्चमी तिथि (दोस्रो दिन) लाई 'खरना' (संरक्षण अर्थात् पापको क्षय) भनिन्छ। जनकपुर धाम किशोरी नगरकी एक बर्तालु ज्योति झा बताउँछन्। 'खरनाको दिन बर्तालु दिनभरि निर्जला बस्छन् र साँझपख नुहाएर चोखो भई आफ्नो कुलदेवता स्थापना गरेको पूजा कोठामा नयाँ चुलो स्थापना गरी प्रसाद बनाउने गरिन्छ।' प्रसादका रुपमा विशेष गरी पाकेको केरा र खीर लिने चलन छ। खरना विधिको सन्दर्भमा महेन्द्रनगरकी ७५ वर्षीया गीता झा भन्छन्, 'आँगनमा गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरेर व्रतीले राति चन्द्रोदयपछि चन्द्रमालाई पायस (खीर) चढाई सोही प्रसाद ग्रहण गर्छन्। यस दिनपछि व्रतीले पूर्ण व्रत लिनुपर्दछ।' षष्ठीका दिन (तेस्रो दिन) गहुँ र चामल ओखल, जातो वा ढिकीमा कुटान-पिसान गरी त्यसबाट निस्केको पिठोबाट विभिन्न गुलियो खाद्य सामग्री तयार गरीन्छ। क्षीरेश्वर नाथ नगरपालिका- ५ महेन्द्रनगरकी ६५ वर्षीया संगीतादेवी यादवले छठ पूजाका सामग्री तयार पार्दा विशेष चनाखो हुनुपर्ने बताँछन्। उनले भने, 'पूजाका सामग्री चोखो र शुद्ध हुनुपर्दछ, जुठो हुन गए अनिष्ट हुने जनविश्वास छ।' यस दिन जलाशयमा पुगी अस्ताउँदो सूर्यलाई अर्घ्य दिइने गरिन्छ। पर्वको चौथो दिन (अन्तिम दिन) लाई पारन (पार्वण) भनिन्छ। यस दिन बिहान उषाकालमा व्रत लिने पुनः जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोऱ्याउँछन् र प्रातःकालीन सूर्यलाई अर्घ्य दिई पर्वको समापन गरिन्छ। पण्डित लालबाबु झाका अनुसार अर्घ्य दिएपछि सूर्य पुराण श्रवण गर्ने चलन छ। व्रतीले छठ व्रतको कथा सुन्छन् र सुनाउँछन्। यस पर्वमा यथासम्भव टुप्पोमा पात भएको चारवटा उखुलाई गाडेर त्यसभित्र पूजा गर्ने चलन छ । जनकपुरका वरिष्ठ पत्रकार तथा मैथिली साहित्यकार रामभरोस कापडी भन्छन्, 'सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न प्रेरित गर्ने चाड हो छठ।' छठ पूजाका लागि अहिले जनकपुरसहित सारा मिथिलाञ्चल झकिझकाउ हुने गरी सिंगारिएको छ।

## दुर्गा प्रसाईंको कार्यक्रमले काठमाडौं फोहोर मात्र हुन्छ : ओली



**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, २ मंसिर**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले दुर्गा प्रसाईंको नेतृत्वमा मंसिर ७ गते हुन लागेको प्रदर्शनले काठमाडौं फोहोर मात्र पार्ने बताए । शनिबार पार्टीको जनसंगठन समन्वय संयन्त्रको कार्यक्रममा उनले दुर्गा प्रसाईंको नाम नलिई कसैकसै व्यक्तिलाई उभ्याएर प्रतिक्रिया वादी शक्तिहरु देशभरबाट मान्छे उतार्न लागेको बताए । 'एउटा कसै कसै व्यक्तिलाई उभ्याएर प्रतिक्रियावादी शक्तिहरु जोडतोडले लागेका छन् देशभरिबाट काठमाडौंमा मानिसहरु उतार्न, ती मानिसहरु आएर काठमाडौंमा कुनै केही हुने होइन, काठमाडौं फोहोर मात्र हुने हो', उनले भने। नेकपा एमालेका युवा विद्यार्थीले पनि त्यस दिन काठमाडौंमा प्रदर्शन कार्यक्रम राखेको छ । आफूहरुले सरकारले ठीक ढंगले काम गर्न सकेन भनेर सांकेतिक विरोध मात्र गर्न खोजेको ओलीले बताए । 'हामी मान्छे ओसारेर होइन, यहीं भएका युवा विद्यार्थी र त्यसको पृष्ठभागमा युवा विद्यार्थी एक्लै छैनन् भन्ने देखाउन चाहन्छौं, हामीले थोरै संकेत मात्र गर्न खोजेको हो', उनले भने ।

देशमा अनियमितता र बेथितीले सीमा नाघेको भन्दै एमाले अध्यक्ष ओलीले सरकार तत्काल सच्चिनलाई खबरदारी गर्न खोजेको बताए । 'प्रधानमन्त्रीजीले बोलाएको १२ बुँदे सहमतिसँग सम्बन्धित भनिएका दलको बैठमकमा बेथती आदि कुरा प्रधानमन्त्रीले स्वीकार्नुभयो, देशको अप्ठेरो अवस्थाबारे स्वीकार्नुभयो। तर के गर्ने भन्ने कुरामा केही भएन', उनले भने । अहिलेको अनियमितता र बेथितीको कारण गठबन्धन सरकार रहेको भन्दै उनले यहींबाट समाधान खोज्नुपर्ने बताए। 'यसकारण यहाँ समाधान नखोजी यसको जिम्मा कसलाई लगाउने ? हामीले ७ गते एउटा संकेत गर्न खोजेको हो', ओलीले भने ।


# हार्दिक शुभकामना

महान आस्था र विश्वासको महापर्व छठ् तथा सामाचकेवाको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





अध्यक्ष
श्री दीप नारायण मण्डल

एकडारा गाउँपालिकाको कार्यालय परिवार,महोत्तरी


## तपाईको टुडे

मेषः मिष्ठान भोजनको योग
वृषः परिवारीक सुख प्राप्ति
मिथूनः आफन्तबाट सहयोग
कर्कटः मन खुश रहने
सिंहः आर्थिक लाभ हुने
कन्याः मनमा डर बढने
तुलाः सन्कोच बढने
वृश्चिकः सम्मान भेटाउने
धनुः घरमा सहयोग भेटाउने
मकरः खर्च बढने
कूम्भः कोसेली प्राप्त हुने
मीनः भक्तिभाव बढने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा





बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# महामारी रोग हैजा फैलिएपछि जिम्बाब्वेमा संकटकाल लागु

एजेन्सी
हरारे, २ मंसिर

हैजा फैलिएपछि जिम्बाब्वेको राजधानी हरारेमा संकटकाल घोषणा गरिएको छ । हैजाका कारण अहिलेसम्म दर्जनौं मानिसको मृत्यु भइसकेको छ भने करिब ७ हजार शङ्कास्पद बिरामीहरू छन् ।

हरारेको प्रशासनले सहरभर हैजा तीव्र गतिमा फैलिरहेको बताएको छ। यसले सन् २००८ को हैजाका कारण हजारौं मानिसको ज्यान गएको सम्झना ताजा गरेको छ । 'हामीले हैजाका कारण आपतकालिन अवस्थाको घोषणा गरेका छौं,' स्थानीय मिडियाले मेयर आयन म्याकोनलाई उद्धृत गर्दै भनेको छ। रेडक्रस अन्तर्राष्ट्रिय महासंघ (आईएफआरसी) का अनुसार हैजाको प्रकोपपछि अस्पतालहरूमा बिरामीको बढ्दो सङ्ख्यालाई नियन्त्रण गर्न स्वास्थ्य अधिकारीहरू संघर्ष गरि रहेका छन्। आईएफआरसीले यति धेरै केस ह्यान्डल गर्न स्वास्थ्यकर्मीको अभाव रहेको पनि बताएको छ । जिम्बाब्वे हालका महिनाहरूमा सफा पानीको अभावका कारण घातक हैजासँग लडिरहेको छ ।



# 'टाइगर ३'लाई विश्वकप क्रिकेटको चुनौती

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २ मंसिर

सलमान खान स्टारर 'टाइगर ३'ले चौंथो दिनसम्म भारतीय बक्स अफिसमा १६२ करोड भारु कमाएको छ। पिंकभिल्लाका अनुसार चौंथो दिन फिल्मले २०.५० करोड भारु कमायो । भारतमा जारी क्रिकेट विश्वकपको सेमिफाइनल खेलले फिल्मको चौंथो दिनको कमाइ प्रभावित भएको अनुमान छ। भाइटीकामा फिल्मको कमाइ २६ देखि २८ करोड हाराहारीमा रहेको बताइएको छ। यी संख्या हेर्दा अब फिल्मले ५०० करोड भारु कमाउने प्रक्षेपण साँघुरिएको छ। यसका लागि अबको दुई सातामा कमाइको ट्रेन्ड कस्तो देखिनेछ, यसले भविष्य निर्धारण गर्नेछ। फिल्मको पहिलो साताको कमाइ २२ करोड हुनसक्ने अनुमान छ । तर, दोस्रो आइतबार विश्वकपको फाइनल खेल हुने भएपछि पुन: फिल्मको कमाइमा धक्का अवश्य लाग्नेछ। जसले गर्दा पहिलो साताको कमाइ अपेक्षाअनुसार हुनेछैन। भारतमा क्रिकेटको समयमा फिल्मको प्रदर्शन समेत प्रभावित भएको विगत छ। जुन 'टाइगर ३'मा समेत स्पष्ट देखिएको छ।



# मोदीद्वारा 'डीपफेक' बारे चिन्ता व्यक्त

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २ मंसिर

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आर्टिफिसियल इन्टेलिजेन्सको माध्यमबाट 'डीपफेक' बनाउने प्रवृत्तिप्रति चिन्ता व्यक्त गरेका छन् । उनले त्यसो गर्दा समस्या हुने भएकाले सञ्चारमाध्यमले जनतालाई सचेत गराउनुपर्ने बताएका हुन् ।

चलचित्र अभिनेत्री रश्मिका मन्डनाको गहिरो फेक भिडियो भाइरल भएपछि प्रधानमन्त्रीको यो भनाइ आएको हो । पछिल्लो समय यो भिडियोको निकै चर्चा भएको थियो । रश्मिकाले यसप्रति 'दु:ख' व्यक्त गर्दै आफु जस्तो 'पीडा' अरु कसैलाई नपरोस् भनेर जतिसक्दो चाँडो समाधान खोज्न आग्रह गरेकी थिइन् । रश्मिकाले सोसल प्लेटफर्म एक्स मा लेखेकी छिन्, 'इमानदारीपूर्वक भन्नु पर्दा, मेरो लागि मात्र होइन, हामी सबैका लागि यो डरलाग्दो छ। आज जसरी प्रविधिको दुरुपयोग भइरहेको छ, त्यसले मलाई मात्र नभई अन्य धेरैलाई पनि ठूलो नोक्सानी पुर्‍याउन सक्छ।'



# जापानविरुद्ध नेपाल ६७ रनले विजयी, संगीताले लिइन् ५ विकेट

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, २ मंसिर

चार देश सम्मिलित महिला टी-२० सिरिजअन्तर्गत नेपालले समूह चरणको अन्तिम खेलमा जापानलाई पराजित गरेको छ ।

पहिलो र दोस्रो खेलमा पराजित नेपालको यो सान्त्वना जित हो। नेपाल र जापान जारी सिरिजको उपाधि भिडन्तबाट बाहिरिसकेका छन्। ११४ रनको लक्ष्य पछ्याएको जापानले २० ओभर खेल्दै १० विकेट गुमाएर ४६ रनमात्रै बनाएपछि नेपाल ६७ रनले विजयी भएको हो ।

जापानकी मेग गावाले १७ र सेइक सुमीले १३ रन बनाउनुबाहेक अरु कुनै पनि खेलाडीले दोहोरो अंक जोड्न सकेनन्। नेपालकी संगीता राई एक्लैले पाँच विकेट लिइन् । पूजा महतो र अस्मिना कर्माचार्यले दुई/दुई विकेट लिए । यसअघि पहिले ब्याटिङ गरेको नेपालले चार विकेट गुमाएर ११३ रन बनाएको थियो । नेपालका लागि रुबिना क्षेत्रीले सर्वाधिक ३८ रन बनाइन् । यस्तै, कप्तान इन्दु बर्माले २७, पूजा महतोले १३ र सीता रानामगरले ९ रनको योगदान गरे । काजल श्रेष्ठ १५ र अस्मिना कर्माचार्य एक रनमा अविजित रहे ।


## अल्जाईमर्सका विरामीलाई सहयोग गरौं

- ◆ अल्जाईमर्स प्राय: ज्येष्ठ नागरिकमा देखिने रोग हो ।
- ◆ वंशज, धुमपान, मोटोपन, उच्च रक्तचाप, मधुमेह र टाउकोमा लाग्ने चोटपटकका कारणले यो रोग हुन सक्छ ।
- ◆ यो रोगको प्रारम्भमा विस्तारै बिर्सिदै जाने, मान्छे र स्थान भुल्ने, बोली र भाषामा असहजता हुने जस्ता लक्षण देखिन्छन ।
- ◆ रोग बढ्दै जाँदा दिसापिसाबको चेतना हराउने र खाने तरिका समेत बिर्सने लक्षण देखिन सक्छ ।
- ◆ यस्ता विरामीलाई सहयोग गरौं, एक्लै नछोडौ र चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक शुभकामना

महान आस्था र विश्वासको महापर्व छठ् तथा सामाचकेवाको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





मेयर
श्री शैलेन्द्र यादव

लोहारपट्टी नगरपालिकाको
कार्यालय परिवार,महोत्तरी

## हार्दिक शुभकामना

महान आस्था र विश्वासको महापर्व छठ् तथा सामाचकेवाको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





मेयर
श्री राम दुलार साह

रामगोपालपुर नगरपालिकाको
कार्यालय परिवार,महोत्तरी

## कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ ।
यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

# महान आस्था र विश्वासको महापर्व छठ् हर्षोल्लासको साथ मनाइदै

## केरवा ज फरल घउरस वोपर सुगा मडराय । मारबौ रे सुगवा धनुषस सुगा गिरे मुरझाय ॥



रासस
धनुषा, २ मंसिर

छठ मातालाई चढाउने फलफूल जुठो हुनुहुँदैन। छठ मातालाई चढाउने केर । सुगाले नखाऊँन् भनेर यो गीतबाटै सचेत गराउन खोजिएको छ। अहिले जनकपुरधामसहित तराई मधेसमा यस्ता लोकगीत गुञ्जिएका सुनिन्छन् । चार दिवसीय छठ पर्वको शनिबार खरना मनाईदैछ। छठ पर्वको पहिलो दिन शुक्रबार बर्तालुले नहाखाए अर्थात् नुहाएर मात्र चोखो बस्त्र धारण गरेर बिना प्याज, लसुनको अरबा चामल सेवन गरेका थिए । पहिलो दिन चतुर्थीलाई ‘अरबा-अरबाइन’ वा नहा खाय भनिन्छ। यो दिनमा बर्तालुले खोला, नाला, नदी, पोखरी र तलाउलगायतका जलाशयमा गई नुहाइधुवाइ गरेर शुद्ध भई चोखो खाना

*बांकी पृष्ठ २*

# जलेश्वर : महोत्तरीमा छठ्को तयारी अन्तिम चरणमा



जलेश्वरटुडे समाचारदाता
जलेश्वर, २ मंसिर

महान आस्था र विश्वासको महापर्व छठ्को तयारी महोत्तरीमा अन्तिम चरणमा पुगेको छ। छठको पहिलो दिन नहायखाय पछि दोस्रो दिन खरनामा अधिकांश नदी तथा पोखरीका घाटहरू सजाइसकिएको छ भने केही स्थानमा तयारी अन्तिम अवस्थामा पुगेको छ। प्राय: स्थानमा जनस्तर बाटै छठघाटहरू सजाइने गरिए पनि सदरमुकाम जलेश्वरस्थित बरुण सर पोखरी, पुरानो बस स्ट्यान्ड पोखरी, परिक्रमागाछी पोखरी सहित जिल्लाका अन्य स्थानीय तहसमेतको सहयोगमा घाटहरूमा सरसफाइ र सजावट लगायतका काम भएका हुन्। जलेश्वर, महोत्तरी, मटिहानी , पिपरा, एकडारा, मनरा शिसवा,सम्सी,सोनमा,गौशाला,बर्दिबास, भंगहाका साथै महोत्तरीका प्राय: सबै पालिकामा तयारी अन्तिम चरणमा पुगेको बुझिएको छ ।

महोत्तरीको सदरमुकाम जलेश्वर स्थित बरुण सर पोखरीमा नगर पालिकाको तर्फबाट घाटहरूमा रंगरोगनका साथै सरसफाइ गरि एपछि घाट विगतकोभन्दा निक्कै आकर्षक देखिएको छ। पोखरीमा निजीस्तरबाट दुईथान बोटसमेत सञ्चालन गरिएको छ।


# हार्दिक शुभकामना

महान आस्था र विश्वासको महापर्व छठ् तथा सामाचकेवाको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





मेयर
श्री जित नारायण यादव

गणेशमान चारनाथ नगरपालिकाको
कार्यालय परिवार,धनुषा


# छठ् पर्वको दोश्रो दिन खरना मनाइयो



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २ मंसिर

महान आस्था तथा विश्वासको महापर्व छठ् पर्वको दोश्रो दिन आज खरना मनाइएको छ । आदिदेव सूर्यको उपासना गरी अत्यन्त नियमनिष्ठापूवर्क मनाइने छठको दोश्रो दिन आज साँझ चामल, सक्खर र दुध मिलाएर बनाएको खीर प्रसादको रुपमा ग्रहण गरी खरना मनाइन्छ। दिनभर उपबास बसेका छठ ब्रतालुले आज साँझ नियम निष्ठाकासाथ खीर बनाएर ग्रहण गर्दछन्। खीर प्रसादको रुपमा घरपरिवारका सदस्यहरुले ग्रहण गर्नुको साथै पर्व नहुनेको घरमा वितरण पनि गर्ने चलन छ। सन्तान एवं पारिवारिक सुखसमृद्धिको कामना गरी चारदिनसम्म मनाइने आस्थाको महापर्व छठ हिजो शुक्रबारदेखि नहाय खाय विधिबाट सुरु भएको छ। पहिलो दिन ब्रतालुहरुले नुहाएर अरबा अरबाइन एवं चोखो भोजन गर्छन्।

भोलि तेश्रो दिन आइतबार छठ पर्वको मुख्य दिन रहेको छ। भोलि छठको पूजा सामग्री जलासय घाटमा लगेर अस्ताउँदो सूर्यको अर्घ्य दिइन्छ। यो दिनलाई सौझकारक पनि भनिन्छ। सोमबार बिहान उदाउँदो सूर्यको अर्घ्य दिएपछि छठपर्व समापन हुने छ। छठको मुख्य दिन अर्थात अस्ताउँदो सूर्यको अर्घ्य दिने दिनलाई सौझकारक र अन्तिम दिन अर्थात उदउँदो सूर्यलाई अर्घ्य दिने दिनलाई पारन भनिन्छ। यस पर्वमा बाँसको ढाकी, डग्री, माटोको कोसिया कुरबार, हाती लागयतको सामग्रीहरु चढाइन्छ। त्यस्तै प्रसादको रुपमा ठकुवा, भुसुवा, केरा, खाजा, उखु, हल्दी, अदुवा एवं विविध प्रकारको मिठाई तथा फलफूल सूर्य देवता अर्थात दिनानाथलाई चढाउने गरिन्छ।

# ’यसपाली छठी घाट, आफ्नो सँस्कृति वस्त्रको साथ’मनाउन आग्रह



गणेश कुमार सिंह
महोत्तरी, २ मंसिर

हिन्दु र मुस्लिम धर्मले समेत मनाउने मधेशी समुदायको सबभन्दा ठुलो आस्थाको पर्वमा आधुनिकताले विलय हुँदै गएपछि जनकपुरियन युवायुवतिहरुले जागरुकता अपनाउन सुरु गरेको छ। केही बर्ष अगाडीसम्म छठ घाटमा आस्थाको साथ पारम्पारिक वस्त्र मात्र पहिरण गरी जाने गरेका श्रद्धालुहरु अहिले आधुनिकताको नाममा पर्वलाई मानमर्दन गर्न थालेपछि यसपाली छठी घाट, आफ्नो सँस्कृति वस्त्रको साथ जान अपिल गीत मार्फत गरिएको छ। आफ्नो भाषा, सँस्कृति, तथा पहिरनलाई प्रबर्द्धन गर्ने उदेश्यका साथ तयार पारिएको मैथिली गीत श्रद्धालु माझ ल्याउने भएको छ। “चलु चलैछी डेग बढाकय” शिर्षकको गीतमा आफ्नो सँस्कृति र पहिरनलाई झल्काउन खोजिएको हो । आधुनिकताको नाममा पश्चिमी पहिरन, अमर्यादित पहिरन, उत्तेजित पहिरनले धार्मिकता, श्रद्धामा समेत ठेस पुग्न थालेपछि कमसेकम छठ पर्वको बेला घाटमा आफ्नै मर्यादित पहिरन, वस्त्रको साथ जान चेतना फैलाउन खोजेको हो।

जनकपुरका सँजय कुशवाहा र रोशनी कुमारी कर्णको आवाजमा रहेको गीतमा छठी घाटमा आफ्नै सँस्कृति वस्त्र लगाउन भनिएको छ। गीत छठ पर्वको दिन रिजिल हुने निर्माण टिमका राहुल महतोले जनाएका छन्।









प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday